**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०३ मार्च २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**<u>प्रमुख समाचार</u>**

- प्रधानमन्त्री नरेन्द्र मोदीले बलियो अर्थतन्त्र भएको भारत विश्वको लागि आशाको किरण बनेको बताउनुभएको छ।
- केन्द्र सरकारले नागरिकता संशोधन ऐन (CAA) अन्तर्गत भारतीय नागरिकताको लागि आवेदनहरूको निर्णय गर्न पश्चिम बंगालमा अझ दुईवटा सशक्त समितिहरू गठन गरेको छ।
- आज भारतीय जनता पार्टी (भाजपा) ले राज्यसभा उम्मीदवारहरुको नाम घोषित गरेको छ जसमा पश्चिम बंगालको एकमात्र सीटबाट पूर्व प्रदेश अध्यक्ष राहुल सिन्हालाई उम्मीदवार बनाएको छ।
- आज विश्व वन्यजीव दिवस हो।
- पश्चिम बंगालका मुख्यमन्त्री ममता ब्यनर्जीले डोल यात्रा अर्थात् होलीको अवसरमा राज्यवासीहरूलाई शुभकामना दिँदै मानिसहरूसित पवित्र सद्भावलाई स्थापित राख्ने अपील गर्नुभएको छ।

**<u>संशो. प्रधानमंत्री - वेबिनार</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले बलियो अर्थतन्त्र भएको भारत विश्वको लागि आशाको किरण बनेको बताउनुभएको छ। प्रधानमन्त्रीले तीव्र आर्थिक वृद्धि विकसित भारतको दृष्टिकोणलाई साकार पार्ने आधार बनेको पनि बताउनुभयो। बजेटपछिको भिडियो कन्फरेन्सिङ मार्फत वेबिनार "आर्थिक वृद्धिलाई दिगो र बलियो बनाउन" लाई सम्बोधन गर्नुहुदै श्री मोदीले भन्नुभयो आज विश्व भरपर्दो र लचिलो उत्पादन साझेदारहरूको खोजीमा छ। उहाँले भारतसँग यस दिशामा महत्त्वपूर्ण भूमिका खेल्ने अवसर रहेको पनि बताउनुभयो।प्रधानमन्त्री मोदीले भन्नुभयो सरकारको नियत र संकल्प स्पष्ट छ: अधिक निर्माण गर्न, अधिक उत्पादन गर्न, अधिक संपर्क स्थापित गर्न अनि अधिक निर्यात गर्न । प्रधानमन्त्रीले उल्लेख गर्नुभयो कि भारतले धेरै देशहरूसँग स्वतन्त्र व्यापार सम्झौताहरूमा हस्ताक्षर गरेको छ, जसले देशको लागि अपार अवसरहरू खोलेको छ। उहाँले गुणस्तरमा कहिल्यै सम्झौता नगर्ने र उत्पादनहरूले विश्वव्यापी मापदण्डहरू पूरा गर्ने सुनिश्चित गर्नु सबैको जिम्मेवारी हो भन्ने कुरामा जोड दिनुभयो।

**<u>CAA पश्चिम बंगाल</u>**

केन्द्र सरकारले नागरिकता संशोधन ऐन (CAA) अन्तर्गत भारतीय नागरिकताको लागि आवेदनहरूको निर्णय गर्न पश्चिम बंगालमा थप दुई सशक्त समितिहरू गठन गरेको छ। केन्द्रीय गृह मन्त्रालयले एक राजपत्र अधिसूचनामा भनेको छ कि यी सशक्त समितिहरूको नेतृत्व भारत सरकारको उपसचिव पदभन्दा कमका अधिकारीले गर्नेछन्, जसलाई भारतका रजिस्ट्रार जनरल र जनगणना आयुक्तले मनोनित गर्नेछन्। ठूलो संख्यामा आवेदनहरूको निवारण गर्न दुई थप समितिहरू गठन गर्ने निर्णय गरिएको थियो। पश्चिम बंगालमा पहिले नै यस्ता दुई समितिहरू छन्।

CAA ले पाकिस्तान, अफगानिस्तान र बंगलादेशबाट आएका आप्रवासीहरूलाई नागरिकता प्रदान गर्ने व्यवस्था गरेको छ जो ३१ डिसेम्बर, २०१४ भन्दा पहिले आफ्नो देशमा धार्मिक उत्पीडनको डरले भारतमा प्रवेश गरेका थिए | यी देशहरूका छ अल्पसंख्यक धर्महरू - हिन्दू, सिख, ईसाई, बौद्ध, जैन र पारसीहरू हुन्।

**<u>एस.आई.आर</u>**

चुनाउ आयोगले पश्चिम बंगालमा भइरहेको विशेष गहन पुनरीक्षण (एसआईआर) अन्तर्गत चिन्हित मतदाता पहिचान

दस्तावेजहरूको न्यायिक जाँच प्रक्रियालाई द्रूत गतिमा अगाड़ि बढ़ाउनको लागि झारखण्ड अनि ओडिशाबाट अतिरिक्त 2 सयजना न्यायिक अधिकारीहरूलाई तैनाथ गर्ने निर्णय लिइएको छ। यीमध्ये 100 जना झारखण्ड र 100 जना ओडिशाका अधिकारीहरू हुनेछन् जो यसै महिनादेखि यस प्रक्रियामा सामेल हुनेछन्। यी अधिकारीहरूलाई तैनाथ गर्नुको उद्देश्य लगभग 60 लाख मतदाताहरूको दस्तावेजको जाँचलाई द्रूत गतिमा पूरा गर्नु हो जसलाई "तार्किक विसंगति" श्रेणीमा राखिएको छ। गत 28 फरवरीमा प्रकाशित अन्तिम मतदाता सूचीमा यी मामिलाहरूलाई सामेल गरिएको थियो भने यिनीहरूलाई "संदिग्ध" श्रेणीमा राखिएको छ। यी मामिलाहरू सुल्झाइसकेपछि पूरक मतदाता सूची जारी हुनेछ।यसबीच राज्यको मुख्य निर्वाचन अधिकारी कार्यालय अनि  वेस्ट बंगाल सिभिल सर्भिस एग्जीक्यूटिभ अफिसर्स एसोसिएशनबीच यस मुद्दामा बयानबाजी पनि तीव्र भएको छ।

## राज्यसभा उम्मीदवार- नाम घोषित

आज भारतीय जनता पार्टी (भाजपा) ले बिभिन्न राज्यहरुमा, राज्यसभा उम्मीदवारहरुको नाम घोषित गरेको छ जसमा पश्चिम बंगालको एकमात्र सीटबाट पूर्व प्रदेश अध्यक्ष राहुल सिन्हालाई उम्मीदवार बनाएको छ । आगामी 16 मार्चमा राज्यसभा चुनाव हुनेछ । यसभन्दा पुर्व तृणमूल कांग्रेस (टीएमसी) ले आफ्नो चार उम्मीदवारहरुको घोषणा गरेको थियो । टीएमसी को तर्फबाट राज्यसभा उम्मेदवारहरुमा बाबुल सुप्रियो, पूर्व डीजीपी राजीव कुमार, टॉलीवुड अभिनेत्री कोयल मलिक अनि वरिष्ठ अधिवक्ता मेनका गुरुस्वामी सामेल छन् भने भाजपा ले बंगालबाट केवल एकजना  उम्मीदवार उतारने निर्णय लिएको छ ।

## भारतीय जनता पार्टी दार्जिलिङ जिल्ला

भारतीय जनता पार्टीको तत्वाधानमा आज खरसाङमा एक पत्रकार सम्मेलन आयोजना गर्दै वर्तमानमा चलिरहेको मतदाता विशेष गहन संसोधन एसआईआरको विषयमा विस्तृत रुपमा पार्टीले स्पष्टीकरण दिएको छ। यस पत्रकार सम्मेलनमा भारतीय जनता पार्टी दार्जीलिङ जिल्ला अध्यक्ष सञ्जीव लामाले एसआईआरलाई लिएर विपक्षी पार्टीले राजनीति गरिरहेको भन्दै यो चुनाव आयोगले गरेको नितान्त कानुनी प्रक्रिया हो तर भाजपाले गरेको होइन भनी बताएका छन्। उनले यो भाजपाको सरकार हुँदा मात्र होइन तर कंग्रेसको सरकार हुँदा पनि पाँचपल्टसम्म भईसकेको र भविष्यमा पनि जुनै सरकार आए पनि एसआईआर प्रक्रिया चलिरहने बताएका छन्। श्री लामाले पहाडमा एसआईआरलाई लिएर भाजपाले जिम्मेवारी लिनु पर्ने भन्ने आरोपको खण्डन गर्दै विपक्षले यो तथ्यहीन र अर्थहीन कुरा गरिरहेको आरोप लगाएका छन्। एसआईआर प्रक्रिया विषयमा बोल्दै लामाले भने, 'एसआईआर प्रत्येक जिल्लामा जिल्लाधिकारीको अधीनमा राज्यको कर्मचारीहरुलाई लिएर भईरहेको छ। यस एसआईआरमा धेरै मतदाताहरुको नाम न्यायिक प्रक्रियाको सूचीमा रहेको छ। भाजपा दार्जिलिङ जिल्ला अध्यक्ष सञ्जीव लामाले एसआईआर सम्बन्धी विषयलाई लिएर आम जनता तथा समर्थकहरूलाई अनावश्यक रूपमा आत्तिनु पर्ने कुनै आवश्यकता नरहेको  बताउँदै भाजपा सधैं जनताको हक, अधिकार र सुरक्षाको पक्षमा दृढ रूपमा उभिएको छ भनी बताएका छन्। पार्टीले यस विषयलाई गम्भीरतापूर्वक लिएको र जनहित विपरीत कुनै निर्णय हुन नदिने प्रतिबद्धता व्यक्त उहनेले गरेका छन्। उनले यस विषयमा जनतालाई सचेत रहन अनुरोध गर्दै अफवाहमा विश्वास नगर्न भनि आग्रह गरेका छन्।

## विश्व वन्यजीव दिवस

आज विश्व वन्यजीव दिवस हो। यस अवसरमा  प्रधानमन्त्री नरेन्द्र मोदी, उपराष्ट्रपति सीपी राधाकृष्णन, केन्द्रिय गृहमन्त्री अमित शाह लगायत धेरै नेताहरूले विश्व वन्यजीव दिवसको बधाई दिएका छन् । प्रधानमन्त्री नरेन्द्र मोदीले विश्व वन्यजन्तु दिवस हाम्रो ग्रहलाई समृद्ध बनाउने र हाम्रो पारिस्थितिक प्रणालीलाई येथावत राख्ने अद्भुत जीवजन्तुहरूको उत्सव मनाउने दिन भएको बताउनुभयो । यो दिन वन्यजन्तु संरक्षणमा काम गर्ने सबैलाई सम्मान गर्ने र वन्यजन्तुहरू फस्टाउन सकोस् भनेर संरक्षण, दिगो अभ्यास र बासस्थानको संरक्षण गर्ने हाम्रो प्रतिबद्धतालाई पुन: पुष्टि गर्ने दिन हो भनि उहाले बताउनुभएको छ ।प्रधानमन्त्री मोदीले सामाजिक सञ्जालमा पोस्टहरूको श्रृंखला मार्फत भन्नुभयो , हाम्रो धर्मशास्त्रहरूले सबै जीवित प्राणीहरूको कल्याणको लागि प्रार्थना गर्दछ र वन्यजन्तु संरक्षणक साथै उनीहरूप्रति संवेदनशीलतालाई प्रेरित गर्छन्। उहाले भन्नुभयो - भारतले विश्वको केही असाधारण वन्यजन्तुहरूको घर भएकोमा गर्व गर्दछ। भारतमा विश्वको लगभग 70 प्रतिशत बाघहरु रहेको छ साथै एक-सिङ्गे गैंडाको सबैभन्दा ठूलो जनसंख्या र एशियाली हात्तीहरूको सबैभन्दा ठूलो संख्या पनि यही छ। प्रधानमन्त्रीले जोड दिंदै भन्नुभयो -

सरकारले वन्यजन्तु संरक्षणको लागि धेरै प्रयासहरू गरेको छ।

**होली - शुभकामना**

पश्चिम बंगालका मुख्यमन्त्री ममता ब्यनर्जीले डोल यात्रा अर्थात् होलीको अवसरमा राज्यवासीहरूलाई शुभकामना दिँदै मानिसहरूसित पवित्र सद्भावलाई स्थापित राख्ने अपील गर्नुभएको छ । उहाले भन्नुभयो - रंगहरूको यो पर्वले समाजमा एकता अनि भाइचाराको सन्देश दिन्छ।मुख्यमन्त्रीले सोशल मीडियामा गुरुदेव रवीन्द्रनाथ ठाकुरको डोल उत्सवसित सम्बन्धित पंक्तिहरू साझा गर्दै भन्नुभयो , यो पर्वले मानिसहरूमाझ प्रेम अनि एकबद्धताको भावनालाई सशक्त बनाउँछ। उहाले आफ्नो सन्देशमा भन्नुभयो - डोल यात्राको शुभ अवसरमा सबैलाई हार्दिक शुभकामना, शान्ति एवं आनन्दको रंगले मानवतामा पवित्र सद्भाव ल्याओस्।यस वर्ष डोल यात्रासँगै गौर पूर्णिमा अनि श्री चैतन्य महाप्रभुको जयन्ती पनि मनाइँदैछ। उहाले भन्नुभयो - चैतन्य महाप्रभुको जीवन र उहाको मानवताको आदर्शले पछिल्लो पाँच सय वर्षदेखिकै मानिसहरूलाई प्रेरित गर्दै आइरहेको छ। उहाले अझ भन्नुभयो , महाप्रभुले प्रेम र समानताको सन्देशको माध्यमबाट समाजका सबै वर्गहरूलाई एक सूत्रमा बाँधनुभयो अनि बंगालमा नवजागरणको मार्ग देखाउनु भयो । विधानसभामा नेता प्रतिपक्ष शुभेन्दु अधिकारीले पनि डोल पूर्णिमा र होलीको शुभकामना दिँदै मानिसहरूको सुख अनि समृद्धिको कामना गर्नुभएको छ ।

**नेपाल चुनाव**

नेपालमा आगामी 5 मार्चको दिन एक करोड़ 80 लाख भन्दा अधिक नेपाली नागरिकहरुले आफ्नो नयाँ नेताको चुनाव गर्न मतदान गर्नेछ । चुनावको लागि सबै तैयारिहरु पुरा भैसकेको छ अनि नेपाल निर्वाचन आयोगले निष्पक्ष अनि शांतिपूर्ण चुनाव सुनिश्चित गर्नको लागि आचार संहिता कठोरता पुर्वक पालन गरिरहेको छ । चुनाउलाई ध्यानमा राख्दै आज देखि पश्चिम बंगाल नजिकै भारत-नेपाल सीमा 72 घण्टाको निम्ति बन्द गरिएको छ। पानीट्याङ्की सीमामा आवागमन पूर्ण रूपमा रोकिएको छ। यस अवधि दुई देशबीच नागरिकहरूको आवागमन र व्यावसायिक गतिविधिहरू पूर्ण रूपमा रोकिनेछ। यद्यपि, आपतकालीन सेवाहरू अन्तर्गत एम्बुलेन्स सेवाहरू सञ्चालनमा राखिएको छ। प्रशासनले 06 मार्च बिहानदेखि सीमापारी आवागमन पुनः सामान्य हुने बताएको छ। पानीट्याङ्की सीमामा व्यापार मुख्यतया नेपाली नागरिकहरूमा निर्भर गर्दछ, त्यसैले सीमा बन्दले स्थानीय व्यवसायहरूलाई असर पर्नु निश्चित छ। सीमा क्षेत्रका व्यापारीहरूले नेपालमा हुने चुनाउ र नयाँ सरकार गठनलाई पनि ध्यानमा राखेका छन्।

**रङबुल धोतरिया**

आज रङबुल धोतरिया रङमुक समष्टिभित्र स्थायी बसोबास गर्दै आएका धेरै परिवारको मनमा गहिरो चिन्ता र असमञ्जस छाएको छ। मतदाता सूचीमा कसैको नाम “विचाराधीन” अवस्थामा राखिएको छ भने कसैको नाम “डिलिट सूची” मा परेको खबर सार्वजनिक भएसँगै स्थानीय बासिन्दाहरू त्रसित बनेका छन्।

***वर्षौंदेखि यही माटोमा पसिना बगाउँदै आएका नागरिकहरू आफ्नै अस्तित्व र अधिकारमाथि प्रश्न उठेको महसुस गर्दैछन्। यही संवेदनशील अवस्थालाई मध्यनजर गर्दै क्षेत्रीय सभासद एंव जीटीएको डेपुटी चेयरम्यान राजेस चौहानले एक विशेष बैठकको आयोजना गर्नुभयो। ग्राम पञ्चायतदेखि गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनसम्मका जनप्रतिनिधिहरूको सक्रिय सहभागितामा सम्पन्न उक्त बैठकमा स्थानीयको पीडा, चिन्ता र आक्रोशलाई गम्भीरतापूर्वक सुन्ने प्रयास गरेको जानकारी गराइएको छ। बैठकमा बोल्नु हुदै उहाँले, “यो केवल मतदाता सूचीको विषय मात्र होइन, यो यहाँका बासिन्दाको पहिचान र सम्मानसँग जोडिएको विषय हो। कसैको नाम अन्यायपूर्वक हटाइएको छ भने त्यसलाई सच्याउन हामी सबै एकजुट भएर पहल गर्ने बताउनुभयो।”***

**दार्जीलिङ जिल्लाको कार्यक्रममा**

दार्जीलिंग जिल्ला सहकारी संघ अनि पश्चिम बंगाल सहकारी संघको संयुक्त आयोजनमा, चुंगथुंग उच्चतर माध्यमिक बिद्यालयमा सहकारी आन्दोलन विषयमा सचेतना कार्यक्रम सम्पन्न भएको छ।
कार्यक्रममा दार्जीलिङ जिल्ला सहकारी संघका अध्यक्ष संजय गुरुङ, पश्चिम बङ्गाल राज्य सहकारी संघका प्रतिनिधि शिशिर

पौडेल, तथा चुङथुङ उच्चतर माध्यमिक विद्यालय ECCS का सचिव सुरज प्रधानको विशेष उपस्थिति रहेको थियो भने विद्यालयका शिक्षक–शिक्षिका तथा विद्यार्थीहरूको उत्साहजनक सहभागिता देखिएको थियो। कार्यक्रमको उद्देश्य सहकारी आन्दोलनको इतिहास, यसको महत्व, तथा समाज र आर्थिक विकासमा सहकारी संस्थाहरूको भूमिकाबारे विद्यार्थीहरूलाई जानकारी गराउनु रहेको थियो। वक्ताहरूले सहकारी सिद्धान्त, सदस्यता, बचत तथा ऋण व्यवस्थापन, र सामूहिक उत्तरदायित्वका विषय माथि प्रकाश पार्दै युवापुस्तालाई सहकारी अभियानमा सहभागी हुन प्रेरित गरे ।आयोजक संस्थाहरूले यस्ता कार्यक्रमहरू आगामी दिनहरूमा पनि निरन्तर सञ्चालन गरिने प्रतिबद्धता व्यक्त गरेका छन्।

**सुके खण्ड**

सुके खण्ड अन्तर्गत सियोक गोपालधारा ओकेटी २३ नम्बर समष्टि अन्तर्गत गोपालधारा पासाङ गाउँमा सार्वजनिक भवन अनि कोठी गाउँमा मैदानको फेनसिङ कार्यको शिलान्यास गरिएको छ। यस क्रममा जीटीए सभाका अध्यक्ष अञ्जुल चौहान, दार्जीलिङ विधानसभा क्षेत्र भागोप्रमोका सम्भावित उम्मेद्वार विजय कुमार राई, लगायत स्थानीयहरूको उपस्थिति रहेको थियो। यस अवसरमा पासाङ गाउँमा 65 लाख 32 हजार रुपियाँको लागतमा निर्माण हुने सार्वजनिक भवनको विधिवत रूपमा शिलान्या गरियो। सार्वजनिक भवन निर्माणपछि पासाङ गाउँले दिर्घ दिनदेखि गर्दै आइरहेको माग पुरा हुने स्थानीयहरूले बताएका छन्।

****** ० ******